Regd. No.: 392/047/048

# महिला पुनर्स्थापना केन्द्र (ओरेक)
# Women's Rehabilitation Center (WOREC)

मिति २०७५ मंसिर १६

प्रेस विज्ञप्ति

प्रत्येक महिलाको लागि हरेक समय उच्च गुणस्तरीय स्वास्थ्य सेवाको साथै स्वास्थ्यमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा प्रभाव पार्ने निर्धारकहरुमा पहुँच, सामिप्यता र ग्राह्यता हुनु नै महिला स्वास्थ्य अधिकार हो । महिलाको यौन तथा प्रजनन स्वास्थ्य र मानसिक स्वास्थ्य जीवनको अधिकार, भेदभावबाट मुक्त हुने अधिकार, गोपनियताको अधिकार, शिक्षा तथा सुचनाको अधिकारसँग अन्तरसम्बन्धित छ । महिलाको स्वास्थ्य अधिकार तव मात्र सुनिश्चित हुन्छ जव महिलाको स्वास्थ्यको हरेक सेवा सुबिधाहरु प्रयाप्त मात्रामा उपलब्ध हुन्छ, भौतिक तथा आर्थिक रुपमा पहुँचयोग्य भई बिना भेदभाव सबैका लागि

(Leaving No One & No women Behind) सुलभ र गुणस्तरिय स्वास्थ्य सेवा एकीकृत रुपमा महिलामूखि दृष्टिकोणबाट संचालित हुन्छ । महिलाको स्वास्थ्य अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्नु राज्यको दायित्व हो ।

नेपालको हालको अवस्थालाई हेर्ने हो भने हरेक बर्ष नेपालमा प्रति १००,००० शिशुहरुको जन्म हुँदा २३९ महिलाहरुको सूत्केरी र गर्भावस्थामा मृत्यु भईरहेको देखिन्छ । विकशित मुलुक भन्दा हाम्रो देशमा १० देखि १५ गुना बढी मातृ-मृत्यु दर देखिएको छ र महिलाहरुको स्वास्थ्य स्थिति एकदमै दयनीय देखिएको छ । अझै १५-४९ बर्ष उमेर समूहका गर्भवती महिलाहरुमध्ये १६% महिलाहरुले मात्रै डाक्टर, नर्स वा अ.न.मी. जस्ता दक्ष प्रसुतीकर्मीहरुबाट गर्भवती सेवा पाएका छन् । यद्यपि तथ्यांकले गर्भावस्थामा महिलाहरुको सेवाको पहुचमा बृद्धि देखाएको छ। अझै पनि ५१% महिलाहरुलाई गर्भवती भएको बेला परामर्श लिनुपर्छ भन्ने कुरा थाहा छैन । आधिकांस बच्चाहरु (४१५) अझै पनि स्वास्थ्य संस्थामा नजन्मिएर घरमै जन्मिने गरेका छन् ।

राष्ट्रिय स्वास्थ्य जनसंख्या सर्वेक्षण २०१६ (NDHS2016) का अनुसार १५ बर्ष उमेर समुहका महिलाहरु मध्ये २२ प्रतिशत महिलाहरुले सधै शारीरीक हिंसा र ७ प्रतिशत महिलाहरुले सधैं यौनजन्य हिंसाको अनुभव गरेको बताएका छन् । ६६ प्रतिशत महिलाहरुले आफुमाथि भएका हिंसाका घटनाहरुलाई कसैलाई पनि भन्न सकेका छैनन न त सहयोग नै माग्न सकेका छन् ।

यसको प्रमुख कारण महिलालाई हेर्ने दृष्टिकोण, विभेदपूर्ण मूल्यमान्यता र त्यसबाट सिर्जित हानिकारक परम्परागत अभ्यासका कारण महिलाले आफ्नो शरीर, यौनिकता र आफ्नो स्व पहिचान" का साथ जीवनयापन गर्न पाउने अधिकारको सुनिश्चितताको लागि आफु निर्णय लिने वातावरण राज्यबाट नहुनु हो ।

ओरेक नेपालले मिति २०७५ मंसिर १६ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सभाहलमा महिलाको सुनिश्चित स्वास्थ्य अधिकार : दिगो शान्ति र विकासको मूलआधार भन्ने नाराका साथ वर्तमान स्वास्थ्य नीति र महिलाको स्वास्थ्य अधिकार विषयक राष्ट्रिय परामर्श गोष्ठी कार्यक्रमको आयोजना गरेको थियो । नयाँ राष्ट्रिय स्वास्थ्य नीति २०७५(मस्यौदा) र सुरक्षित मातृत्व सम्बन्धि ऐन २०७५ मा भएका व्यवस्थाहरुलाई विश्लेषण गरी र एकीकृत लैंगिक संवेदनशिल स्वास्थ्य नीति बनाउनका लागि बहुपक्षीय सरोकारवालाहरुसंग समन्वय गरी लैंगिक संवेदनशिल स्वास्थ्य नीति निर्माणका लागि सहजीकरण गर्ने प्रमुख उद्देश्यका साथ कार्यक्रमको आयोजना गरिएको थियो । स्वास्थ्य तथा जनस्वास्थ्य क्षेत्रसँग सम्बन्धीत विभिन्न विज्ञहरु, कानुनी विज्ञहरु, सामाजिक अभियान्ताहरु लगायत गरि ६५ जनाको उपस्थिती रहेको थियो ।

वर्तमान प्रजनन् स्वास्थ्य एवं सुरक्षित मातृत्व कानूनका प्रावधान एवं नीतिहरु र महिला स्वास्थ्य अधिकारका विषयमा ओरेकका संस्थापक अध्यक्ष तथा महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जालका अध्यक्ष डा. रेणु अधिकारीले प्रस्तुत गर्नुभएको थियो । वर्तमान प्रजनन् स्वास्थ्य ऐनमा बाँझोपनको असर र रोकथामका बारेमा

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu , Nepal Tel: (977)-01-2123124; (977)-01-5006373;
(977)-01-5006374 Fax: (977)-01-5006271 Email : ics@worecnepal.org URL : www.worecnepal.org

उल्लेख नभएकोले आउने नीतिमा उक्त विषय समावेश गर्नुपर्ने । समुदाय स्तरमा काम गर्ने महिला मानव अधिकार रक्षक, स्वास्थ्य स्वमसेवीका र मिड वाईफ जस्ता सेवा प्रदायकहरुको आफ्नै सुरक्षा र अधिकार छैन यसर्थ उनीहरुको सुरक्षा र स्वास्थ्यको विषयलाई नीतिगत व्यवस्था गर्नुपर्ने । स्थानीय तहले महिलाको स्वास्थ्य अधिकार सुनिश्चितताका लागि राष्ट्रिय नीति अनुरुप लैगिंक नीति बनाउनुपर्ने । यौन दुर्व्यवहार, र महिलाको अन्य अन्तरक्षेत्रिय विषयवस्तुहरुको सम्बोधनका लागि सारभुत समानताको अधिकारका रुपमा नीतीले सम्बोधन गर्नुपर्ने सुझावहरु पेश गर्नुभएको थियो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका निमित्त सचिव डा. शुशिल नाथ प्याकुरेलले नेपालमा विद्यमान सामाजिक सांस्कृतिक कारणले गर्दा स्वास्थ्य समस्या हुने गरेको छ । अहिले जनस्वास्थ्य ऐन र सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य ऐन- २०७५ आएर स्वास्थ्यका विषयमा बहस गर्न आधार तयार भएको छ, आगामी दिनमा मन्त्रालयले बहुसरोकारवालाहरुसँग छलफल गरी साथै यस कार्यक्रमबाट आएका सुझावहरु राखेर राष्ट्रिय स्वास्थ्य नीति र कार्ययोजनाहरु तयार गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

परिवार कल्याण महाशाखाका निर्देशक डा. आर.पि. विच्छाले महिलाको प्रजनन् स्वास्थ्य विशेषगरि पाठेघर खस्ने समस्या र अब्सट्र्याटिक फिस्टुलाको रोकथाममा जोड दिँदै सामाजिक पुनर्स्थापनामा सुधार गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

त्रि.वि शिक्षण संस्थानका सह-प्राध्यापक डा. विन्ज्वाला श्रेष्ठले एयर एम्बुलेन्स सेवालाई नीतिगत व्यवस्था गर्नुपर्ने, मिड वाईफीहरुलाई नीति अनुसार पदको व्यवस्था गरि एकेडेमीक कोर्सको व्यवस्था हुनुपर्छ र बहुसरोकारवालाहरुसँग समन्वय गरी मन्त्रालयले स्वास्थ्यलाई अझ प्रभावकारी बनाउनुपर्ने सुझाव पेश गर्नुभएको थियो ।

अधिवक्ता शर्मिला श्रेष्ठले परिवार नियोजनका स्थायी र अस्थायी साधनहरुमा पुर्ण रुपमा पहुँच हुनुपर्ने सुझाव राख्नुभएको थियो । गर्भपतनलाई हालसम्म पनि फौजदारी अपराध संहितामा राखि राज्यले अपराधीकरण गरेकोले यस संहितामा राख्न नहुने बताउनु भएको थियो ।

स्वास्थ्य विशेषज्ञ तथा अधिकारकर्मी डा. अरुणा उप्रेतिले स्वास्थ्य नीतिमा पम्परागत सिप र ज्ञानलाई प्रर्वद्धन गरी आयुर्वेदको प्रवर्द्धनका लागि नीतिगत रुपमा व्यवस्था गर्नुपर्ने सुझाव पेश गर्नुभएको थियो ।

प्रसुती तथा स्त्री रोग विशेषज्ञ डा. गिता राणाले नेपालमा समुदाय स्वास्थ्य कार्यक्रम प्रभावकारी भएको कारणले मातृमृत्युदर र बालमृत्युदर कम भएको हो यसर्थ समुदायमा आधारित स्वास्थ्य कार्यक्रमलाई प्रवर्द्धन गर्नुपर्ने र मिड वाईफ र महिला स्वास्थ्य स्वयंसेवीकाको कामको पहिचानका लागि नीतिगत व्यवस्था गर्नुपर्ने बताउनुभएको थियो ।

पिपुल हेल्थ मुभमेन्टका नेपाल संयोजक डा. शरद वन्तले समता र सामाजिक न्यायको माध्यमबाट स्वास्थ्य क्षेत्रमा रहेको असमानतालाई विश्लेषण गरि सम्बोधन गर्नु आवश्यक रहेको बताउनु भएको थियो । स्वास्थ्यकै कारणले कोहि पनि व्यक्ति गरिब हुने अवस्था हुनु नहुनेमा उहाँले जोड दिनुभएको थियो ।

डा. केदार बरालले सशक्तिकरण भएको समुदायमा स्वास्थ्यको सुचांकमा सुधार आएको छ । तसर्थ स्थानीय तहलाई सशक्त बनाउनु आवश्यक छ भन्ने सुझाव राख्नु भएको थियो ।

डा. विकास देवकोटाले, नेपालको भिजन २०२० र पच्चवर्षिय योजनाका बारेमा बताउँदै उक्त योजनामा किशोरकिशोरीमा लगानी गर्यो भने २५ वर्षपछि नतिजा प्राप्त हुन्छ भन्ने सोच रहेको, स्वास्थ्यको बजेट बढाउनेदेखि खर्च हुने सम्मको व्यवस्था गर्ने संयन्त्र रहेको र बहुपक्षिय सरोकारवालाको समन्वयमा ध्यान दिने जसले स्वास्थ्यको सबै सवाललाई सम्बोधन गर्न सकिन्छ भन्ने भनाई राख्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरुले सेनिटरी प्याड  र रिङ्ग पेसरीलाई अत्यावश्यक निशुल्क स्वास्थ्य सामाग्रीको रुपमा राख्नुपर्ने, स्वास्थ्य सेवालाई सरकारले लगानीको रुपमा नहेरेर राज्यको दायीत्वको रुपमा लिनुपर्ने, समलिगिं तथा अपांगता मैत्री स्वास्थ्य सेवाको विकास गर्नुपर्ने, आप्रवासी कामदारहरुका लागि स्वास्थ्य सेवाको व्यवस्था हुनुपर्ने लगायतका सुझावहरु राख्नुभएको थियो ।

कार्यक्रमको सहजीकरण डा. लक्ष्मि तामागंले गर्नुभएको थियो । नेपाली महिलाको स्वास्थ्यमा सुधार आएमात्र समृद्धि नेपाली खुसी नेपाल भन्ने नारा पुरा हुने बताउनु भएको थियो । ओरेक नेपालका कार्यक्रम निर्देशक अभिराम रायले कार्यक्रमका सहभागीहरुलाई स्वागत गर्दै, कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

लुभराज न्यौपान
कार्यकारी निर्देशक